१२९५/८८०

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ३०७/२०७२/०७३

निर्णय नं. ८८०

जिल्ला बैतडी सलेना गा.वि.स. वडा नं. ३ बस्ने दिपेन्द्र बहादुर चन्द ............................२ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, जिल्ला शिक्षा कार्यालय, बैतडी ....................................................१ विपक्षी
सूचना अधिकारी, जिल्ला शिक्षा कार्यालय, बैतडी

विषय :– माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

जिल्ला बैतडी सलेना गा.वि.स. वडा नं. ३ बस्ने दिपेन्द्र बहादुर चन्दले जिल्ला शिक्षा कार्यालय, बैतडी समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०८।०५ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७२।१२।१९ च.नं. ११५० को पत्रद्वारा जिल्ला शिक्षा कार्यालय, बैतडीलाई सूचना उपलब्ध गराउन लेखी गएको । प्रस्तुत सन्दर्भमा उक्त जिल्ला शिक्षा कार्यालय, बैतडीको मिति २०७३।०१।२१, च.नं.१८०४ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना यस आयोगलाई प्रेषित गरी पुनरावेदकलाई समेत बोधार्थ मार्फत जानकारी गराईएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल जेठ २३ गते रोज १ शुभम् ।